# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।११।२३ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सुर्खेत, सिम्ता गाउँपालिका वडा नं. ५ स्थित आली भन्ने स्थानमा निर्माण भएको हाइटेक नर्सरीमा अनियमितता भएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा सुर्खेत जिल्लाको सिम्ता गाउँपालिका वडा नं. ५ को उच्च प्रविधिको नर्सरी स्थापना गरी बाझो तथा खाली जमिनमा बृक्षारोपण तथा जडिबुटी खेती बिस्तार कार्यक्रममा रकम भुक्तानी भई निर्माण भएको उच्च प्रविधिको नर्सरी प्रयोगमा नै नआई रु.८४,८६,६४२।–(चौरासी लाख छयासी हजार छ सय बयालीस रुपैयाँ) बराबरको सरकारी रकम हानिनोक्सानी भएको पुष्टि भएकोले उक्त कार्यमा संलग्न देहायका ब्यक्तिहरुलाई देहायबमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

देहाय

(क) **डिभिजन वन कार्यालय, सुर्खेतका तत्कालीन डिभिजनल वन अधिकृत गोविन्द प्रसाद दहाल, तत्कालीन सहायक वन अधिकृत टेकबहादुर रावल र तत्कालीन लेखापाल लक्ष्मी कुमारी थापा क्षेत्रीले** सुर्खेत जिल्लाको सिम्ता गाउँपालिका वडा नं. ५ अन्तर्गत **थ्री फेज लाईन नभएको स्थानमा** उच्च प्रविधिको नर्सरी स्थापना गरी बाझो तथा खाली जमिनमा बृक्षारोपण तथा जडिबुटी खेती बिस्तार कार्यक्रमको लागि शुरु लागत अनुमान तयार गर्ने, सम्झौता गर्ने, आयोजनाको नापजाँच गरी कार्यसम्पन्न प्रतिवेदन (उपभोक्ता समितिसँग सम्झौता गरेको मितिभन्दा अगाडिको मिति राखी कार्यसम्पन्न प्रतिवेदनमा समेत तयार गरेको) तयार गर्ने एवं उपभोक्ता समितिले NAF Seeds Pvt. Ltd सँग नर्सरीको लागि चाहिने उपकरण खरिद गर्दा सिम्ता हाईटेक नर्सरी उपभोक्ता समितिसँग सम्झौता गरी कार्य प्रारम्भ गर्नुभन्दा अगाडिकै मितिका कोटेशनहरु उपभोक्ता समितिमार्फत स्वीकार गरेको, थ्री फेज लाईन जडानको लागि कुनै प्रकारको पहल नगरी सिम्ता हाईटेक नर्सरी उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको तथा सम्झौता शर्तबमोजिमको कार्य नगरेमा प्रदेश सरकारबाट प्राप्त रकम प्रचलित कानूनबमोजिम फिर्ता गर्ने प्रतिबद्धता गरेकोमा प्रतिबद्धता जाहेर गर्ने उपभोक्ता समिति लगायतलाई समेत कुनै प्रतिबद्धता पूरा गर्न नलगाई रु.८४,८६,६४२।–(चौरासी लाख छयासी हजार छ सय बयालीस रुपैयाँ) सिम्ता उपभोक्ता समितिलाई भुक्तानी गरेको तथा उच्च प्रविधिको नर्सरी स्थापना गरी बाझो तथा खाली जमिनमा बृक्षारोपण तथा जडिबुटी खेती बिस्तार कार्यक्रम प्रयोगमा नआएकोले निजहरु गोविन्द प्रसाद दहाल, टेक बहादुर रावल र लक्ष्मी कुमारी थापा क्षेत्रीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रु.८४,८६,६४२।– (चौरासी लाख छयासी हजार छ सय बयालीस रुपैयाँ) बिगो कायम गरी ऐ.ऐ. ऐनको दफा १७ ले निर्देश गरे अनुसार ऐ.ऐ.ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद सजाय र बिगो बमोजिम जरिवाना गरी ऐ.ऐ.ऐनको दफा १७ बमोजिम बिगो असुल उपर समेतको सजायको मागदाबी लिइएको छ।

(ख) **सिम्ता सव-डिभिजन वन कार्यालयका तत्कालीन रेन्जर कमल चित्रकार र भोजप्रसाद उपाध्यायले** सिम्ता गाउँपालिका वडा नं.-५ मा निर्माण हुने हाईटेक नर्सरी निर्माणमा प्रयोग हुने सामाग्रीको खरिद र ढुवानीबापतको रकम भुक्तानीको लागि सिम्ता हाईटेक नर्सरी उपभोक्ता समिति र सिम्ता गाउँपालिका वडा नं. ५ को समेतको सिफारिस भएकोले भुक्तानी दिनु भनी तत्कालीन रेन्जर भोजप्रसाद उपाध्यायले गरेको सिफारिसको आधारमा रु.७१,७७,४३५।—उपभोक्ता समितिलाई भुक्तानी भएको र निर्माण सामाग्री र ज्यामीको रकम निकासको लागि

कागजात र विल भरपाई अनुसार रकम भुक्तानी गर्नुहुन भनी तत्कालीन रेन्जर कमल चित्रकारको सिफारिसको आधारमा रु.८,६१,३२८।- उपभोक्ता समितिलाई भुक्तानी भएको देखिएकोले निजहरुले सरकारी रकम दुरुपयोग तथा हानिनोक्सानी गर्ने कार्यको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा ऐ. ऐ.ऐनको दफा २२ बमोजिमको मतियारको कसूर गरेको पुष्टि भएको हुँदा निजहरु भोजप्रसाद उपाध्याय र कमल चित्रकारलाई क्रमशः रु.७१,७७,४३५।–(एकहत्तर लाख सतहत्तर हजार चार सय पैतीस रुपैयाँ) र रु.८,६१,३२८।-(आठ लाख एकसठ्ठी हजार तीन सय अठ्ठाईस रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले हुने सजायमा ऐ. ऐ.ऐनको दफा २२ बमोजिमको सजायको मागदाबी लिइएको छ।

**(ग)** **सिम्ता हाईटेक नर्सरी उपभोक्ता समितिका अध्यक्ष जगत महतरा, उपभोक्ता समितिका सचिव चन्द्रप्रकाश थापा र उपभोक्ता समितिका कोषाध्यक्ष मिना पोखरेल हमालले** उच्च प्रविधियुक्त नर्सरी निर्माण गरी उच्च मुल्ययुक्त प्रजातिको बेर्ना उत्पादन गर्न इच्छुक भई सो कार्यमा सहभागिताको लागि प्रस्तावमा उल्लेख भएबमोजिमको नर्सरी तयार भएपछि कम्तिमा दश वर्षसम्म निरन्तरता दिई कार्य गर्न मन्जुर रही सो अनुसारको कार्य नगरेमा प्रदेश सरकारबाट प्राप्त रकम प्रचलित कानूनबमोजिम फिर्ता गर्ने प्रतिबद्धता पत्रमा हस्ताक्षर गरी झुट्टा प्रतिबद्धता गरेको तथा डिभिजन वन कार्यालय सुर्खेतसँग सम्झौता गरी उपभोक्ता समितिले नर्सरीको लागि चाहिने उपकरण खरिद गर्दा डिभिजन वनसँग सम्झौता गरी कार्य प्रारम्भ गर्नुभन्दा अगाडिकै मितिका कोटेशनहरु स्वीकार गरी नाफ सिड्स प्रा.लि.का संचालकसँगको मिलोमतोमा डिभिजन वन कार्यालय सुर्खेतसँगबाट रु.८४,८६,६४२।– भुक्तानी लिएको तर नर्सरी निर्माणपश्चात नर्सरी संचालनमा नआएको हुँदा सिम्ता उपभोक्ता समितिको अध्यक्ष जगत महतरा, सचिव चन्द्र प्रकाश थापा र कोषाध्यक्ष मिना पोखरेल हमालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसूर गरेको पुष्टि भएकोले निजहरुलाई रु.८४,८६,६४२।–(चौरासी लाख छयासी हजार छ सय बयालीस रुपैयाँ) बिगो कायम गरी ऐ.ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कैद तथा जरिवानाको सजाय गरी उक्त बिगोसमेत ऐ. ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम जफत हुन समेत मागदाबी लिइएको छ।

**(घ)** **NAF SEEDS Pvt. Ltd. को संचालक गौतम महर्जनको हकमा**:- सुर्खेत जिल्लाको सिम्ता गाउँपालिका वडा नं. ५ को उच्च प्रविधिको नर्सरी स्थापना गरी बाझो तथा खाली जमिनमा बृक्षारोपण तथा जडिबुटी खेती बिस्तार कार्यक्रम निर्माण गर्नको लागि डिभिजन वन कार्यालय विचको सम्झौता तथा सिम्ता हाईटेक नर्सरी उपभोक्ता समिति गठन भएको भन्दा अगावैको मितिमा कोटेशन पेश गरी उपभोक्ता समितिमार्फत डिभिजन वन कार्यालयमा बिल पेश गरी रु.७१,७७,४३५।–भुक्तानी लिएको, थ्री फेज बिद्युतको लाईन बिस्तार नभएको स्थानमा सो हाईटेक नर्सरी संचालन नै सम्भव नभएको अवस्थामा उपभोक्ता समितिमार्फत रु.७१,७७,४३५।– भुक्तानी लिई सरकारी रकमको दुरुपयोग र हानिनोक्सानी भएको हुँदा निज गौतम महर्जनले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसूर गरेको पुष्टि भएकोले निजलाई रु.७१,७७,४३५।–(एकहत्तर लाख सत्तहत्तर हजार चार सय पैतीस रुपैयाँ) बिगो कायम गरी ऐ.ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कैद तथा जरिवानाको सजाय गरी उक्त बिगोसमेत ऐ.ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम जफत हुन समेत मागदाबी लिइएको छ।

**(ङ)** **सिम्ता गाउँपालिकाका तत्कालीन अध्यक्ष कविन्द्र कुमार के.सी., वडा नं. ५ का तत्कालीन वडाअध्यक्ष मोहनकुमार बि.सी. ले** सुर्खेत जिल्लाको सिम्ता गाउँपालिका वडा नं. ५ को उच्च प्रविधिको नर्सरी स्थापना गरी बाझो तथा खाली जमिनमा बृक्षारोपण तथा जडिबुटी खेती बिस्तार कार्यक्रम निर्माण गर्नको लागि थ्री फेज विद्युतको लाईनबाट मात्र संचालन गर्नुपर्ने उच्च प्रविधियुक्त नर्सरी निर्माण गरी उच्च मुल्ययुक्त प्रजातिको बेर्ना उत्पादन गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि प्रस्तावमा उल्लेख भएबमोजिमको नर्सरी तयार भएपछि कम्तिमा दश वर्षसम्म निरन्तरता दिई प्रस्ताव अनुसारको कार्य गर्न कुल लागतको कम्तिमा १०% रकम स्व-लगानी गर्ने समेत मन्जुर रहेको, सोअनुसारको कार्य नगरेमा प्रदेश सरकारबाट प्राप्त रकम प्रचलित कानूनबमोजिम फिर्ता गर्ने प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको उक्त नर्सरी निर्माणपश्चात पनि हालसम्म थ्री फेजको बिद्युत लाईन हाईटेक

नर्सरीमा जडान नभई हाईटेक नर्सरी संचालनसमेत नभएको र निजहरुले भुक्तानी गरिदिनु भन्ने सिफारिस समेत गरेको आधारमा रु.८४,८६,६४२।– भुक्तानी भएको कार्यको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा निजहरुले ऐ. ऐ.ऐनको दफा २२ बमोजिमको मतियारको कसूर गरेको पुष्टि भएको हुँदा निजहरु तत्कालीन अध्यक्ष कविन्द्र कुमार के.सी. र वडाअध्यक्ष मोहनकुमार बि.सी.लाई रु.८४,८६,६४२।–(चौरासी लाख छयासी हजार छ सय बयालीस रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले हुने सजायमा ऐ. ऐ.ऐनको दफा २२ बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत,काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता

नरहरि घिमिरे